# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY - CHITWAN(NEWSLETTER)

वर्ष २९. अकं १३, साउन/भदौ २०८१ July/Aug 2024


## चिनमा नेपालको उद्योग, व्यापार तथा पर्यटन क्षेत्रमा लगानीका लागि लगानी सम्मेलन सम्पन्न

चिनको दोङ्गुआना स्थित वेस्ट कम्पनी लि. को पहलमा भदौ १ गते चीन र नेपाल बीचको व्यापार, पर्यटन तथा लगानी सम्मेलन सम्पन्न भएको थियो। सहकार्यलाई सुदृढ गर्ने र दुवै पक्षको साझा आर्थिक विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले चीन र नेपाली व्यापारिक समुदायका प्रतिनिधिहरूलाई आकर्षित गर्ने तथा नेपालमा व्यापार तथा लगानी गर्नका लागि गोष्ठी आयोजना गरिएको थियो ।कार्यक्रममा मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले उद्योग वाणिज्य संघ-चितवनको बारेमा जानकारी गराउँदै नेपाल चीन र भारतको बीचमा रहेको र यसको उत्कृष्ट भौगोलिक अवस्थाले चीन र भारतको विशाल उपभोक्ता बजारलाई जोड्ने पुल बनेको बताउँदै उहाँले देशमा पर्यटन, कृषि र जलविद्युत जस्ता क्षेत्रमा विशेषगरी पारिस्थितिक पर्यटन र अर्गानिक कृषिमा ठूलो सम्भावना रहेको र सरकारले प्रदान गर्ने कर छुट जस्ता प्रोत्साहनले विदेशी लगानीकर्तालाई धेरै सुविधा दिएको बताउनुभएको थियो ।

बाँकी २ नं. पेजमा...



## जिआईजेडका राजश्व प्रशासन परियोजनाका कार्यक्रम प्रमुख स्याड मेडी राज रेज्भी सँग छलफल




उद्योग वाणिज्य संघ-चितवनको सचिवलयमा २०८१ साउन ३१ गते एक कार्यक्रमका विच जिआईजेडका राजश्व प्रशासन परियोजनाका कार्यक्रम प्रमुख स्याड मेडी राज रेज्भी सँग चितवनको व्यावसायिक विकासका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा जिआईजेडका राजश्व प्रशासन परियोजनाका कार्यक्रम प्रमुख स्याड मेडी राज रेज्भीलाई स्वागत गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले चितवन र चितवनसँग सिमा जोडिएका क्षेत्रहरूलाई आर्थिक जोनको रुपमा विकास गर्न छिमेकी उद्योग वाणिज्य संघहरू लगायत निजी क्षेत्रका संघ संस्थाहरू सम्मिलित तालिम तथा गोष्ठीको आयोजना गर्नका लागि जिआईजेडका राजश्व प्रशासन परियोजनाका कार्यक्रम प्रमुख स्याड मेडी राज रेज्भीलाई सहयोग गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले महिला उद्यमी लगाएत यहाँको व्यवसायीहरूलाई आवश्यक कर तथा लेखा सम्बन्धी तालिम प्रदान लगायत चितवन जिल्लाको सामाजिक आर्थिक विकासका क्रियाकलापमा उद्योग वाणिज्य संघ-चितवन सँग सहकार्य गर्न जिआईजेडका राजश्व प्रशासन परियोजनालाई अपिल गर्नुभएको थियो । जिआईजेडका राजश्व प्रशासन परियोजनाका कार्यक्रम प्रमुख स्याड मेडी राज रेज्भीले उद्योग वाणिज्य संघ-चितवन सँग सहकार्य गरेर यहाँको उद्यमीहरूलाई आवश्य कर तथा लेखा सम्बन्धी तालिम लगायत चितवनको आर्थिक तथा सामाजिक विकासमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । उहाँले उद्योगी व्यवसायीहरूको समस्यालाई मध्यनजर गर्दै निशुल्क रुपमा सेवा प्रदान गर्ने गरी आन्तरीक राजश्व कार्यालयमा कर सहायता कक्ष स्थापना गरेकोमा उद्योग वाणिज्य संघ-चितवनको प्रशंसा गर्नुभएको थियो ।


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:015 CERTIFIED CHAMBER

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोनः ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

Url: www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

**लक्ष्य (Mission)**

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पु¥याउने ।'

**परिकल्पना (Vision)**

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने ने तृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

**गुणस्तर नीति (Quality Policy)**

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**प्रकाशन समिति**

**संयोजक :**
बिष्णु लम्साल - कार्यसमिति सदस्य

**सदस्यहरु :**
हिम्मत पुरी, पदम पौडेल, वाशुदेव दवाडी,अमर कुंवर, नारायण काफ्ले, बाबुराम रामुदामु

**सल्लाहकारहरु**
राजेन्द्र ओली, विशानलाल श्रेष्ठ

**सम्पादक :**
गणेश सुबेदी - कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन :**
बिनायक लम्साल

जिआईजेडका राजश्व प्रशासन परियोजनाका कार्यक्रम प्रमुख स्याड मेडी राज रेज्भी, फाइनसिएल एडभाइजर नविन श्रेष्ठले उद्योग वाणिज्य संघ-चितवनले आन्तरीक राजश्व कार्यालयमा सञ्चालन गरेको कर सहायता कक्षको समेत अवलोकन गर्नुभएको थियो ।

बाँकी...

। उहाँले चितवन मध्य नेपालमा अवस्थित हुनका साथै करिव १५० किलोमिटरको दुरीमा नेपालका सवै ठुला सहरमा पुग्न सकिने जानकारी गराउँदै चितवन लगानीको लागि उत्कृष्ट गन्तव्य भएकाले चिनिया लगानी कर्तालाई चितवनमा लगानी गर्न अनुरोध गर्नुभएको थियो । उहाँले दुई देशीय चेम्वर अफ कमर्शको सहकार्यमा चीन र नेपाल बीचको व्यापार तथा लगानी सहकार्यलाई सुदृढ गर्ने र दुवै पक्षको साझा आर्थिक विकासलाई प्रवर्द्धन गर्न उद्योग वाणिज्य संघ-चितवन सधै तयार रहेको बताउनुभएको थियो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठले नेपालको व्यपार तथा पर्यटनका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने उद्योग वाणिज्य संघ-चितवनका प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले नेपालमा लगानीको अवसरका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा वेस्ट कम्पनी लि. का प्रमुख ली याङले नेपालमा ग्राहकहरूलाई विकास गर्न आफ्नो कम्पनीको अनुभव सुनाउँदै उहाँले नवीन विदेशी व्यापार मार्केटिङ मोडेल बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो। वेस्ट कम्पनी लि. प्रमुख ली याङले नेपालमा भएको लगानी सम्मेलन २०८१ को अवसरमा नेपालमा लगानी सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरि सकेको बताउँदै सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

सोही कार्यक्रमको अवसरमा उद्योग वाणिज्य संघ-चितवन र दोङ्गुआना प्रान्तका ग्वाङ्दोङ्ग चेम्बर अफ कमर्श, सेन्भेन प्लाष्टिक एशोसियसन, दोङ्क्वान लाइटिङ्ग एशोसियसन र वेस्ट ट्रेडिङ्ग कम्पनी लि. विच व्यापार साझेदारी र पारस्परिक सहकार्यका लागि सम्झौता पत्रमा हस्ताक्षर भएको थियो । उक्त सम्झौतामा दुवै पक्षको लगानी साझेदारीमा नेपालमा लगानी गर्ने, ज्ञान तथा प्रविधि हस्तान्त्रण गर्ने लगायत वस्तु आयात तथा निर्यातमा सहजीकरण गर्दै वस्तु प्रवर्द्धन गर्ने कुरा सम्झौतामा उल्लेख गरिएको थियो । सोही सम्झौता पत्र हस्ताक्षर कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले भरतपुर भ्रमण वर्ष-२०२४ को अवसरमा भरतपुर आउन चिनिया उद्योगी व्यवसायीहरूलाई आग्रह गर्नुभएको थियो ।

उक्त कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनको तर्फबाट अध्यक्ष सुमनकुमार श्रेष्ठको नेतृत्वमा निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, प्रथम उपाध्यक्ष राजेन्द्र ओली, कार्यसमिति सदस्य इमान्दु वराल र शंकर अधिकारीको सहभागिता रहेको थियो ।

## उद्योग वाणिज्य संघ-चितवनका सदस्यले प्यारागलाइडिङ्ग र होटलमा छुट पाउने

प्यारागलाइडिङ्गको टिकटमा छुट पाउने भएका छन् । उद्योग वाणिज्य संघ-चितवनका सदस्यलाई प्यारागलाइडिङ्गमा छुट दिनेसम्बन्धी ओपन स्काई प्यारागलाइडिङ्ग प्रा. लि. र उद्योग वाणिज्य संघ-चितवन बिच २०८१ साउन २२ गते सम्झौता पत्रमा हस्ताक्षर भएको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले संघमा आबद्ध उद्योगी व्यवसायीहरूलाई विभिन्न सेवा प्रदायक संस्थाहरूसँग व्यावसायिक सेवा वा बस्तुमा छुट उपलब्ध गराउन निरन्तर पहल गरिरहने बताउनुभएको थियो । उहाँले आज नै प्यारागलाइडिङ्ग र इटहरी स्थित होटल इनटुरिष्ट प्यालेससँग पनि संघका उद्योगी व्यवसायीले छुट पाउने सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको बताउनु भएको थियो ।प्यारागलाइडिङ्गको छुटमा टिकट खरिद गर्नको लागि पोखरा लेकसाइड स्थित ओपन स्काई प्यारागलाइडिङ्गको कार्यालय वा काउन्टर बाट टिकट खरिद गर्न सकिने ओपन स्काई प्यारागलाइडिङ्ग प्रा.लि.का म्यानेजिङ्ग डाइरेक्टर शर्मिला शर्माले जानकारी गराउनु भएको थियो ।उद्योग वाणिज्य संघ-चितवनका सदस्यले ओपन स्काई प्यारागलाइडिङ्ग प्रा.लि. द्धारा सञ्चालित प्यारागलाइडिङ्ग सेवामा १५ प्रतिशत र इटहरी स्थित होटल इनटुरिष्ट प्यालेसबाट उपलब्ध सेवा फुड एण्ड व्यभरेजमा १० प्रतिशत र आवासमा २० प्रतिशत सम्म छुट पाउने र उक्त सेवा उपभोग गर्न उद्योग वाणिज्य संघ-चितवन बाट उपलब्ध गराइएको परिचयपत्र आवश्यक पर्ने सम्झौतमा उल्लेख गरिएको छ । सम्झौता पत्रमा उद्योग वाणिज्य संघ-चितवतको तर्फबाट अध्यक्ष सुमनकुमार श्रेष्ठ र कार्यकारी निर्देशक निलबहादुर के.सीले तथा व्यावसायिक फर्म ओपन स्काई प्यारागलाइडिङ्ग प्रा.लि.का म्यानेजिङ्ग डाइरेक्टर शर्मिला शर्माले र होटल इनटुरिष्ट प्यालेसका म्यानेजिङ्ग डाइरेक्टर मिशन पराजुलीले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

# सेयर सम्बन्धी सचेतना कार्यक्रम सम्मन्न




उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा २०८१ भदौ ५ गते संघको तालिम कक्षमा सेयर सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको थियो। उद्योगी व्यवसायीहरूलाई सेयर बजार सम्बन्धी जानकारी गराउने उद्देश्यले यस कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा स्वागत मन्तव्य गर्दै उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले नेपालको सेयर बजार सरकारमा रहेका कुनै व्यक्तीले केही अभिव्यक्ति दिँदैमा बजारमा ठुलो उतारचढाव भइरहने भएकाले सेयर बजारको ज्ञान नलिकन लागानी गर्दा लगानी डुब्ने खतरा हुने हुदाँ आफूले लगानी गर्न चाहेको कम्पनीको बारेमा अध्ययन गरेर मात्र लगानी गर्ने वा नगर्ने निर्णय लिनुपर्ने बताउनुभएको थियो। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व कोषाध्यक्ष एवम् कार्यक्रमका प्रमुख मध्यस्थकर्ता ज्ञानेन्द्रलाल प्रधानले प्रस्तुतीकरण दिँदै सेयर बजारका तत्वहरू, नेपाल स्टक एक्सचेञ्जको इतिहास, सेयर बजारको पृष्ठभूमी, सेयर बजारमा लगानी गर्ने तरिका लगायत सेयर बजारमा सफलता हुने तरीकाहरूका बारेमा बताउनुभएको थियो।

उद्योग वाणिज्य संघ-चितवनको द्वितीय उपाध्यक्ष अशोक अधिकारीले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर के.सी, कार्यसमिति सदस्यज्यूहरू, वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारीज्यूहरू, उद्योगी व्यवसायी गरी करिव ६० जनाको सहभागिता रहेको थियो। कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो।

# खाद्य पदार्थमा औद्योगिक ट्रान्सफ्याट नियमन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न



उद्योग वाणिज्य संघ-चितवनको तालिम कक्षमा २०८१ भदौ १४ गते खाद्य पदार्थमा औद्योगिक ट्रान्सफ्याट नियमन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौडाको आयोजना एवम् उद्योग वाणिज्य संघ-चितवनको सहआयोजनामा खाद्य उद्योगी व्यवसायीहरूलाई लक्षित गरी खाद्य पदार्थमा औद्योगिक ट्रान्स फ्याटबाट हुने हानि लगायत सो सम्बन्धी नीतिका बारेमा जानकारी गराने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले मानिसको स्वास्थ्यमा असर पार्ने ट्रान्स फ्याट हुने खालका खाद्यान्न उत्पादन गर्दा सम्बन्धित उद्योगी व्यवसायीले मादण्डका बारेमा ध्यान दिएर बस्तु उत्पादन गर्न अनुरोध गर्नुभएको थियो।कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकमार श्रेष्ठले विभिन्न समयमा परिवर्तीत नीति नियमका बारेमा उद्योगी व्यवसायीहरूलाई सचेत गराउनुपर्ने बताउँदै उहाँले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय चितवनमा पनि भएकाले उक्त कार्यालयलाई पूर्ण अधिकार प्राप्त कार्यालय बनाइ सो कार्यालय अन्तरगतको कार्य गर्न यहाँका उद्योगी व्यवसायीहरू हेटौडा जानुपर्ने वाध्यता हटाउन माग गर्नुभएको थियो।

कार्यक्रममा बोल्दै उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख विनोद पौडेलले उद्योग तथा वाणिज्य कार्यालयद्धारा उद्योगी व्यवासयीहरूलाई दिने सेवाका बारेमा जाकारी गराउँदै उहाँले कार्यालयले उद्योगी व्यवसायीहरूका लागि आवश्यक तालिमहरू प्रदान गरिदै आइरहेको बताउनुभएको थियो। उहाँले तालिमका बारेमा जानकारी लिनको लागि कार्यालयको वेव साइड वेला वेला भिजिट गर्न उद्योगी व्यवसायीहरूलाई आग्रह गर्नुभएको थियो।

कार्यक्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौडाका कार्यालय प्रमुख काशीनाथ घिमिरेले कार्यपत्र प्रस्तुत गर्दै खाद्य स्वच्छता, खाद्यसम्बन्धी नीति नियमका बारेमा जानकारी गराउँदै व्यवसायीहरुका गुनासाहरू सम्बोधन गर्नुभएको थियो। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौडाका खाद्य अनुसन्धान अधिकृत अमृता राईले खाद्य पदार्थमा औद्योगिक ट्रान्स फ्याट सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।
कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनको वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी, उपाध्यक्ष दय राजेन्द्र ओली, अशोक अधिकारी, कार्यकारी निर्देशक निलबहादुर के.सी कार्यसमिति सदस्य श्रीकृष्ण लम्साल, मणिरत्न शाक्य, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय चितवनका कार्यालय प्रमुख सौरभ श्रेष्ठ, होटल व्यवसायी संघ चितवनका अध्यक्ष लोकनाथ भट्ट, होस्टेल व्यवसायी संघ चितवन अध्यक्ष आरती शाह लगायत ६० जना भन्दा वढी उद्योगी व्यवसायीहरूको उपस्थिति रहेको थियो।